# स्थानीय राजपत्र

## लिम्चुङबुङ गाउँपालिका

खण्ड (५) संख्या (७) बाराहा, उदयपुर कोशी प्रदेश नेपाल

२०८१/४/३१

## भाग-२

## पर्यटनको नयाँ गन्तव्य लिम्चुङबुङ गाउँपालिकाको पर्यटन प्रबर्द्धन कार्याक्रम कार्यान्वयन कार्याविधि २०८१

लिम्चुङबुङ गाउँ सभाको वैठकबाट स्वीकृत भएको ऐन, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम लिम्चुङबुङ गाउँपालिकाको स्थानीय राजपत्र सम्बन्धी कार्यविधि २०७४ अनुसार सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संबत् २०८१ सालको कार्यविधि नं ०१**

# पर्यटनको नयाँ गन्तव्य लिम्चुङबुङ गाउँपालिकाको पर्यटन प्रबर्द्धन कार्याक्रम कार्यान्वयन कार्यविधि २०८१

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/४/३१**

## प्रस्तावनाः

प्राकृतिक मनोरम, भौगोलिक सुन्दरता तथा सामाजिक, सांस्कृतिक विविधताले भरिपूर्ण धनी लिम्चुङबुङ गाउँपालिका पर्यटनको नयाँ गन्तव्य हो । स्नेही एवं सहयोगी स्वभाव, हाँसेर बोल्ने, पर्यटनमैत्री बोली र व्यवहार भएका स्वच्छ र हराभरा लिम्चुङबुङ गाउँपालिकाको गाउँ/बस्ती भित्रका स्थानहरु ग्रामिण पर्यटन केन्द्रका रुपमा विकास हुन थालेको साथै पर्यटनको नयाँ गन्तब्य घोषणा भएसंगै यस पालिका भित्र पहाडी ग्रामिण क्षेत्रको प्रकृतिक सौन्दर्यता,कला, संस्कृती, रितिरीवाज, जीवनशैलीलाई पर्यटनसंग जोडेर पालिकावासीहरुको आयस्तरमा वृद्धि गरी लिम्चुङबुङको अर्थतन्त्रलाई सवल र चलायमान बनाउँदै आन्तरिक रोजगारीको थप अवसरहरुको सृजना गरी गरिवी निवारणमा टेवा पुर्याउने उद्देश्यले निजी क्षेत्र तथा स्थानीय स्तरका संघ संस्थाहरुको साझेदारीमा पर्यटन प्रबर्द्धन कार्यक्रम संचालन गर्न बाञ्छनीय भएकोले लिम्चुङबुङ गाउँपालिकाले "लिम्चुङबुङ गाउँपालिकाको पर्यटन प्रवर्धन कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१" स्वीकृत गरी लागु गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम "लिम्चुङबुङ गाउँपालिकाको पर्यटन प्रबर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१" रहेको छ।

(ख) यो कार्यविधि लिम्चुङबुङ गाउँपालिका गाउँ कार्यपालिकाको वैठकले स्विकृत गरेको मिति देखि लागु हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "**कार्याक्रम**" भन्नाले लिम्चुङबुङ गाउँपालिकाको पर्यटन प्रबर्द्धन तथा बिकासलाई समेटी तयार गरिएको स्वीकृत बार्षिक कार्यक्रम र बजेटलाई सम्झनु पर्छ।

(ख) "**पुरस्कार**" भन्नाले उत्कृष्ट पर्यटन ब्यवसायी ताथ होमस्टे संचालकलाई प्रदान गरीने सम्मान प्रोत्साहान वा नगद पुरस्कारलाई सम्झनु पर्छ ।

(ग) "**कार्यालय**" भन्नाले लिम्चुङबुङ गाउँपालिका गाउँ कार्यापालिकाको कार्यालय भन्ने सम्झनु पर्दछ।

(घ) "**प्रस्ताव**" भन्नाले प्रर्यटन प्रबर्द्धन सम्बन्धी विभिन्न कृयाकलाप गर्न तथा होमस्टे सञ्चालकहरुलाई प्रोत्साहान अनुदन कार्यक्रमको लागि अनुदान प्राप्त गर्न पेश गरेको आवेदन, प्रस्ताबना तथा व्यवसायिक योजना सम्झनुपर्नेछ।

(ङ) "**समिति**" भन्नाले पर्यटन प्रबर्द्धन समिति सम्झनु पर्दछ ।

(च) **“होमस्टे”** भन्नाले“होमस्टे संचालन कार्यविधि २०८१” अनुसार लिम्चुङबुङ  गाउँपालिकामा दर्ता भई संचालन तथा व्यवस्थापन भएका पर्यटकलाई आवास,खाना र अन्य सेवा प्रदान गर्ने उद्देश्यले आफ्नै घर समुदायमा निजि बा सामुहिक रुपमा संचालन गरिएको सेवा सम्झनु पर्दछ ।

**३. उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ

(क) पर्यटनको विकास तथा प्रबर्द्धन गरी व्यक्ति समुदाय, समाज र पालिकाको अर्थतन्त्रलाई सवल बनाउने ।

(ख) ग्रामिण क्षेत्रमा रोजगारको अवसर सिर्जना गरी आय वृद्धि गर्ने तथा ग्रामिण क्षेत्रमा पर्यटन उद्योग स्थापना वोस्तार र विकास गरी रोजगारीको सृजना गर्ने ।

(ग) पर्यटन मार्फत जीवनस्तरमा सुधार गर्ने परम्परागत कला,संकृति तथा संगीतको सम्बर्द्धन गर्ने।

(घ) हरियाली लिम्चुङबुङ, सफा लिम्चुङबुङ स्थापित गरी गाउँ, बस्तीहरुलाई स्वच्छ र हराभरा बनाई पर्यटन प्रवर्द्धन गरी रोजगारी सिर्जना गर्ने ।

(ङ) पर्यटन विकास मार्फत लिम्चुङबुङको वातावरण तथा मौलिक संस्कृतीको सम्बर्द्धन र संरक्षण तथा विकास गर्ने ।

## परिच्छेद-२

### संस्थागत व्यवस्था

**४. पर्यटन प्रबर्द्धन समितिः** (क) कार्यक्रमहरु सुव्यवस्थित रुपले सञ्चालन गर्न गराउन पर्यटन प्रबर्द्धन तथा बिकासका सम्पूर्ण काम कार्वाहीहरुको रेखदेख तथा प्रबन्ध गर्नका लागि निम्न बमोजिम पर्यटन प्रबर्द्धन समिति गठन हुने छ ।

| | | |
|---|---|---|
| (क) | गाउँपालिका अध्यक्ष | -संयोजक |
| (ख) | गाउँपालिका उपाध्यक्ष | -सदस्य |
| (ग) | वडाअध्यक्षहरु सवै | -सदस्य |
| (घ) | संयोजकले तोकेको कार्यपालिका महिला सदस्य १ जना | -सदस्य |
| (ङ) | पर्यटन क्षेत्रको विज्ञ १ जना | - सदस्य |
| (च) | प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (छ) | पर्यटन शाखा प्रमुख | -सदस्य सचिव |

(ख) समितिले आवश्यक ठानेमा पर्यटन विकास क्षेत्रको विज्ञ, सल्लाहकार नियुक्ति गर्न सक्नेछ र समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सकिने छ।

(ग) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ  र आवश्यक ठाने संयोजकले कुनै पनि समयमा बैठकको आह्वान गर्न सक्नेछ ।

**५. समितिको काम कर्तव्य र अधिकारः-** समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) पर्यटन व्यावसायको स्थापना सुधार विकास, बिस्तार, प्रबर्द्धन तथा संरक्षण गर्ने ।

(ख) पर्यटन पूर्बाधार विकास पर्यटन सेवा सुविधा बिस्तार ,जनशक्ति बिकास र पर्यटन स्थलहरुको पर्यावरण संरक्षण गर्न आवश्यक कार्यक्रम तर्जूमा गरी कार्यान्वयन गर्ने गराउने ।

(ग) पर्यटन प्रवर्द्धन तथा विकासका क्रियाकलापका लागि योजना तथा कार्यक्रम तर्जुमा गराई गाउँ सभामा पेश गर्ने र स्वीकृत योजना ताथ कार्यक्रम कार्यान्वयन गर्ने गराउने।

(घ) पर्यटन प्रबर्द्धन सम्बन्धी काम गर्ने सरकारी, गैर सरकारी, निजीक्षेत्र, नागरीक समाजका संघ संस्थासँग सम्बन्ध स्थापित गरी कार्यक्रम सञ्चालनको अनुकूल वातावरण तयार गर्ने ।

(ङ) पर्यटन प्रबर्द्धनको लागि आवश्यक देखिएमा विभिन्न उपसमिति वा कार्यदल गठन गरी कार्य सम्पादन गर्ने गराउने ।

(च) पर्यटन प्रबर्द्धन कार्यक्रम कार्यान्वयनका क्रममा पेश हुन आएका प्रस्तावहरुको मूल्याङ्कन, छनौट,अनुदान सम्बन्धी निर्णय र देखिएका समस्याहरुको निराकरण गर्ने ।

(छ) लिम्चुङबुङ पर्यटनको दिगो विकासको लागि देश भित्रका स्थानीय तहहरु तथा नेपाल सरकारसंग समन्वय गरी विदेशका कुनैपनि स्थानीय तहसंग भगिनी सम्बन्ध स्थापित गर्न सकिने छ ।

## परिच्छेद-३

### कार्यक्रम संचालन

**६. प्रस्ताव आव्हान तथा सूचना प्रकाशनः** (क) प्रोत्साहान अनुदान तथा प्रतिस्पर्धा कार्यक्रम संचालन गर्न पन्ध्र दिन म्याद दिई सूचना प्रकाशन गर्नु पर्ने छ र सोही अवधिमा इच्छुक व्यक्ति तथा सम्बन्धित संस्थाले अनुसुचि-१ अनुसारको ढाँचामा कार्यालयमा निवेदन दर्ता गर्नु पर्नेछ। अन्य तालिम अभिमुखीकरण कार्यक्रम संचालनको लागि सात (७) दिने सूचना प्रकाशन गरी गर्न सकिने छ।

**७. पर्यटन प्रवर्धनकालागि संचालन गर्न सकिने कृयाकलापहरुः**

(क) होमस्टे सञ्चालकहरुलाई अध्ययन अवलोकन भ्रमण

(ख) होमस्टे सञ्चालकहरुलाई होमस्टे व्यवस्थापन तालिमः

(ग) डकुमेन्ट्री प्रतिस्पर्धा (पुरस्कार) कार्यक्रम

(घ) होमस्टे संचालकहरुलाई प्रोत्साहान अनुदान कार्यक्रम

(ङ) होटेल व्यवसायीहरुलाई स्वच्छ भान्साघर तालिम कार्यक्रम

(च) लिम्चुङबुङ पर्यटन प्रवर्धवनको लागि भ्लगर प्रतिस्पर्धा (पुरस्कार) कार्यक्रम

(छ) लिम्चुङबुङ पर्यटन प्रवर्धनको लागि विभिन्न फोटो, भिडियो प्रतिस्पर्था (पुरस्कार) कार्यक्रम

(ज) लिम्चुङबुङ पर्यटन प्रवर्धनको लागि स्थानीय मौलिक खाना प्रतिस्पर्धा (पुरस्कार) कार्यक्रम

(झ) विभिन्न जातजातीको संस्कार संस्कृतिको प्रतिस्पर्धा (पुरस्कार) कार्यक्रम

(ञ) पर्यटन जनचेतना अभिमुखीकरण

(ट) पर्यटन प्रबर्द्धन समितिले तयार पारेका तथा गाउँ सभाबाट स्वीकृत अन्य कृयाकलापहरु

(ठ) प्रचार प्रसार तथा क्षमता अभिवृद्धि
(ड) पर्यटक उपचार तथा उद्धार कोष सञ्चालन

**८. दफा ७ (ग) (च) (छ) (ज) र (झ) का सम्बन्धमाः**

(क) डकुमेन्ट्री , भ्लग फोटो तथा भिडीयो निर्माण गर्दा पर्यटकलाई अकर्षित गर्ने यस गाउँपालिकाको ऐतिहासिक,सामाजिक सौँस्कृतिक प्रकृतीक सौन्दर्य उजागर हुने गरी निर्माण गर्नु पर्ने छ ।

(ख) डकुमेन्ट्री प्रतिस्पर्धा तथा भ्लग प्रतिस्पर्धाको मूल्याङकन पर्यटन प्रबर्द्धन समितिले गर्नेछ समितिले अवश्यक महसुस गरेमा विज्ञहरुको छुट्टै समिति बनाई वा विज्ञहरुलाई सहभागी गराई मूल्याङ्कन गराउन सक्ने छ ।

(ग) विज्ञहरुको समितिले मूल्याङ्कन गरेमा विज्ञहरुले मूल्याङ्कन गरी पर्यटन प्रबर्द्धन समितिलाई सिफारीस गर्नु पर्ने छ ।

(घ) विज्ञहरुको सिफारिस तथा सुझावको आधारमा अन्तिम निर्णय पर्यटन प्रबर्द्धन समितिले गर्ने छ ।

**९. माथि उल्लेखित दफा ७ (घ) का सम्बन्धमाः**

(क) लिम्चुङबुङ गाउँपालिकाको **"होमस्टे, होटेल तथा लज संचालन कार्यविधि २०८१"** को व्यवस्था अनुसार होमस्टे, होटेल तथा लज दर्ता तथा ब्यवस्थापन गरेका सञ्चालकहरुलाई मात्र अध्यायन, अवलोकन भ्रमण, व्यवस्थापन तालिम तथा प्रोत्साहान अनुदान कार्यक्रमामा सहभागी गराईनेछ ।

(ख) प्रोत्साहान अनुदान कार्यक्रममा सहभागी हुन प्राप्त आवेदन उपर पर्यटन प्रबर्द्धन समितिले अध्ययन गरी **"होमस्टे, होटेल तथा लज संचालन कार्यविधि २०८१"** अनुसार संचालन तथा ब्यवस्थापन भएका होमस्टे, होटेल तथा लज संचालकहरुलाई तालिम, प्रोत्साहान अनुदान रकम उपलब्ध गराउन निर्णयको लागि कार्यपालिकामा पेश गर्ने छ ।

(ग) कार्यपालिकाको निर्णय अनुसार तालिम, अनुदान रकम उपलब्ध गराईने छ।

**१०. माथि उल्लेखित दफा ७ (ड) सम्बन्धमाः**

(क) पर्यटक उपचार तथा उद्धार कोषको खाता प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट संचालन गरिनेछ ।

(ख) यस कोषबाट सेवा लिन लिम्चुङबुङ भ्रमण गर्न आउने पर्यटकहरुको विवरण होमस्टे तथा होटल लजहरुले पर्यटक पुस्तिकामा सूचिकृत गरी कार्यालयमा अनिवार्य जनकारी गराउनु पर्ने छ ।

(ग) यस कोषबाट सुविधा लिन लिम्चुङबुङ आएका पर्यटकहरुले होमस्टे, होटेल तथा लजहरुमा बसेर खानपानको कारणले बिरामी परे तथा लिम्चुङबुङ गाउँपालिका भित्र दुर्घटनामा परी सामान्य चोटपटक लागेमा लिम्चुङबुङको अस्पतामा निःशुल्क उपचर गरीने छ।

(घ) लिम्चुङबुङ गाउँपालिका भित्र दुर्घटनामा परी गम्भिर घाइते भएमा उद्दार गरी सदरमुकामको अस्पताल सम्म पुर्याउने व्यवस्था गरीनेछ ।

(ङ) यस कोषबाट सुविधा लिन कार्यालयले सूचीकृत गरेका होमस्टे तथा होटल,लजमा खाना खाएको तथा बास बसेको हुनु पर्ने छ।

११. कार्यविधिमा उल्लेख नभएका कार्यक्रमहरु समितिको निर्णय तथा प्रचलित कानुन बमोजिम हुने छ।

## परिच्छेद-४

## अनुगमन

**१२. कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनः** (१) यस कार्यक्रमको कार्यान्वयको प्रभावकारी अनुगमन मूल्याङ्कन गर्न पर्यटन प्रबर्द्धन समितिको मातहतमा रहने गरी देहायको अनुगमन ताथ मूल्याङकन उपसमिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | गाउँपालिका उपाध्यक्ष | -संयोजक |
| (ख) | भौतक पूर्वाधार समिति संयोजक | -सदस्य |
| (ग) | समितिले तोकेको कार्यपालिकाको सदस्य एक महिल एक पुरुष गरि दुई जान | -सदस्य |
| (घ) | प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी एक जना | -सदस्य |
| (ङ) | सम्बन्धित वडाको वडा अध्यक्ष | -सदस्य |
| (च) | पर्यटन शाखा प्रमुख | -सदस्य सचिव |

## परिच्छेद-५

## विविध

**१३. समितिको सिफारिस अनिवार्य हुनेः**

(१) पालिकामा पर्यटन व्यवसायसंग सम्बन्धी कुनै व्यवसाय सञ्चालन गर्न अनुमतिका निम्ति पर्यटन विकास शाखामा निवेदन गरेमा त्यस्ता निकायलाई अनुमति प्रदान गर्नु अघि समितिको सिफारिस लिनु पर्नेछ ।

(२) प्रक्रिया नपुर्याइ व्यवसाय संचालन गरेमा प्रचलित कानुन अनुसार कारबारी हुने छ साथै त्यस्तो होमस्टे, टोटल लज व्यवसायीहरुलाई कुनै पनि तालिम, अनुदान प्रकृयामा समावेश गराईने छैन ।

**१४. कार्वाही तथा दण्ड सजायः** यस कार्यविधि अनुसार कार्यक्रममा सहभागी सेवा ग्राहिले कार्यविधि विपरीत कार्य गरेको पइएमा प्रचलित कानून बमोजिम कारबाही हुने छ ।

१५. **खारेजी एवं संशोधनः** यो कार्यविधि कार्यपालिकाले आवश्यक्ता अनुसार संशोधन तथा खारेजी गर्न सक्ने छ ।

१६. **प्रमाण पत्र तथा पुरस्कार दिन सकिनेः** पर्यटन प्रवर्द्धन कार्यमा उत्कृष्ट कार्य गर्ने व्यक्ति तथा संस्थालाई समितिले निर्णय गरेर सम्मान पत्र तथा पुस्कार प्रदान गर्न सक्ने छ ।

१७. यस कार्यविधिमा उल्लेख भएका विषय कार्यविधि बमोजिम र उल्लेख नभएका विषय कानून वमोजीम हुनेछ ।

# अनुसूची-१
## निवेदनको ढाँचा

मितिः.....................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यु
लिम्चुङबुङ गाउँपालिका बाराहा उदयपुर

विषयः ........................कार्यक्रममा सहभागि हुन पाउँ ।

उपरोक्त सम्बन्धमा यस गाउँपालिकाको आ.व. ............को प्रर्यटन प्रबर्द्धन कार्यक्रम अन्तर्गत .......................................... कार्यक्रममा सहभागी हुन मेरो विवरण सहितको फारम दर्ता गरि दिनहुन अनुरोध गर्दछु ।

निवेदक

नामः

दस्तखतः

ठेगानाः

सम्पर्क नः

## व्यक्तिगत तथा संस्थाको विवरणको ढाचा

(क) निवेदकको नामः
(ख) निवेदकको ठेगानाः
(ग) निवेदकको सम्पर्क नः
(घ) संस्थाको नामः
(ङ) संस्थाको ठेगानाः
(च) संस्थाको सम्पर्क नः
(छ) तालिम तथा अनुभवको विवरणः
(ज) तालिम तथा अनुभव लिएको निकायः

i. —
ii. —
iii. —
iv. —

सेवाको प्रकार र नामः
(झ) कानून परिपालनाको अवस्थाः

- दर्ता गरेको/नगरेको
- दर्ता भए दर्ता भएको निकायः

(ज) सहभागिको दक्षताः

| क स | दक्षताको क्षेत्र | स्थिति |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

# अनुसूची-२

## पर्यटक पुस्तिकाको ढाँचा

पर्यटकहरुले होमस्टे, होटल तथा लजमा सेवा लिन आउँदा निजहरुको नेपाल सरकारले प्रदान गरेको कुनै पनि स्थायी परिचयपत्रको प्रतिलिपि अनिवार्य लिएर मात्र सेवा उपलब्ध गराउनु पर्नेछ ।

| सि.नं | नाम, थर | ठेगाना | सम्पर्क नं | अवधी | संख्या |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**आज्ञाले:**
योगेन्द्र राज गुरुङ्ग
(प्रमुख प्रशासकीय अधिकृत)

२०८१/५/३